के म तिमीहरूलाई यस्तो कामको बारेमा नभनुँ जसद्वारा अल्लाहले पापहरू मेटाउनुहुन्छ र दर्जाहरू उच्च पार्नुहुन्छ ?"

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "के म तिमीहरूलाई यस्तो कामको बारेमा नभनुँ जसद्वारा अल्लाहले पापहरू मेटाउनुहुन्छ र दर्जाहरू उच्च पार्नुहुन्छ ?" तिनीहरूले भने, "हे अल्लाहका दूत,
(अवश्य नै) भन्नुहोस्।" उहाँले भन्नुभयो : "अप्ठ्यारो भए पनि राम्रोसँग वुजू गर्नु, अत्याधिक मस्जिद जानु र एक नमाजपछि अर्को नमाजको लागि पर्खनु, यही सुरक्षाको लागि पहरेदारी हो ।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना सहाबा (साथी) हरूलाई सोध्नुभयो: के तिमीहरू यस्तो कामको बारेमा जान्न चाहन्छौं, जसद्वारा पापहरू पखालिन्छ, फरिश्ताले लेखेको पापलाई मेटाइन्छ र स्वर्गमा उच्च स्थान प्रदान गरिन्छ ? सहाबाहरूले भने: हो, हामी यही चाहन्छौं, उहाँले भन्नुभयो: पहिलो: कठिनाईका बावजुद राम्रोसँग पूर्ण तरिकाले वुजू गर्नु; जस्तै पानी चिसो छ, तातो छ, कम छ वा शरीर दुखिरहेको छ इत्यादि । दोस्रो: अत्याधिक कदम चल्नु भनेको घर टाढा भए पनि मस्जिद बारम्बार जानु । तेस्रो: नमाजको समय कहिले हुन्छ भनेर प्रतीक्षा गर्ने, नमाजसँग हृदयको नाता जोड्ने, नमाजको लागि तयारी गर्ने, मस्जिदमा बसेर जमातको प्रतीक्षा गर्ने र एक नमाज पढिसकेपछि अर्को नमाजको लागि पर्खने । नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यी कामहरू नै वास्तविक रिबात (पहरेदारी) हुन् भनेर बताउनुभयो; किनभने यसले आत्मा भित्र शैतानको बाटोलाई अवरुद्ध गर्दछ, इच्छाहरूलाई पराजित गर्दछ, शंकाहरू निवारण गर्दछ र यसरी हिजबुल्लाह (अल्लाहको जमात) ले शैतानको सिपाहीलाई पराजित गर्दछन्; वास्तवमा, यो सबैभन्दा ठूलो जिहाद हो र शत्रु विरुद्ध रिबात (पहरेदारी) को कायममुकाम हो ।

https://sunnah.global/hadeeth/ne/show/3574